# त्रिवेणी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

सिम्रुतु खारानेटा, रूकुम (पश्चिम),
कर्णाली प्रदेश, नेपाल

website:
www.trivenimunrukum.gov.np
Email: tribenigp@gmail.com

प.स. २०७५/७६
च.नं.१

सुचना प्रकाशित मितिः २०७५/०४/०१

### त्रिवेणी गाउँपालिकाको करार कर्मचारी व्यवस्थापन सम्बन्धमा सुचना ।

प्रस्तुत विषयमा यस त्रिवेणी गाउँपालिकाको कार्यपालिकाको कार्यालय, वडा कार्यालय, विषयगत शाखा/कार्यालयमा गत आर्थिक बर्ष २०७४/७५ मा करार सम्झौतामा काम गरेका कर्मचारीहरूलाई चालु आर्थिक बर्षमा करार सम्झौता नविकरण गर्ने नगर्ने भन्ने सन्दर्भमा गाउँ कार्यपालिकाले कुनै टुंगो नलगाएको हुदा गाउँ कार्यपालिकाको अर्को निर्णय नहुदा सम्मको लागी कुनै पनि करार कर्मचारीहरूलाई मिति २०७५ श्रावन ०१ गते देखि हाजीर गराउन नसकिने व्यहोरा जानकारी गराईन्छ । गाउँ कार्यपलिकाबाट करार सम्झौता नविकरण गर्न निर्णय भएका कर्मचारीहरूलाई कार्यपालिकाले करार सम्झौता नविकरण सम्बन्धि निर्णय गरेको दिन देखि लागु हुने गरि करार सम्झौता नविकरण गरिने छ ।गाउँपालिकाको नयाँ दरवन्दि संरचना चालु आर्थिक बर्षमा गाउँ कार्यपालिकाबाट स्वीकृत हुन समेत बाँकी रहेको ले गाउँपालिकालाई करार कर्मचारी के कति संख्यामा आवश्यक हो,सो को निर्धारण गरे पश्चात मात्रै करार सम्झौता गर्ने तथा नविकरण गर्ने पद र कर्मचारीको संख्या टुंगो लगाईने छ ।

पुनश्च करार सम्झौता नविकरण गराउन चाहने कर्मचारीहरूले गत आर्थिक बर्षमा आफुलाई सुम्पेको कामको जिम्मेवारी, आफुले सम्पादन गरेको कामको विवरण, गुणस्तर र परिणाम, आफुले सेवा प्रदान गरेका सेवाग्राहीको संख्या, कार्य जिम्मेवारी पुरा गर्न नविनतम र सृजनात्मक विधि, तौर तरीका आफुले अवलम्बन गरेको भए सो को विवरण, गत आर्थिक बर्ष कार्यालयमा काम गरेको रूजु हाजिरिको एकमुष्ट प्रमाणीत विवरण सहित प्रतिवेदन तयार गरि सोको कम्प्युटराईज प्रति सहित १० (दश) दिन भित्र गाउँ कार्यपालिकाको कार्यालमा तोकिएको ढाँचामा करार सम्झौता नविकरण गरि पाउँ भनि निवेदन दर्ता गराउनु पर्ने छ ।

नोटः कार्यालय सहयोगी, हल्का सवारी चालकको हकमा निवेदन मात्र पेश गर्नु पर्ने छ ।अन्य सबै करार कर्मचारीहरूले प्रतिवेदन सहित निवेदन पेश गर्नु पर्ने छ ।

..........................
प्रमुख प्रशासकिय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत